मधेश प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

कृषि ज्ञान केन्द्र

धनुषा, जनकपुरधाम

मधेश प्रदेश सरकार
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र धनुषा
जनकपुरधाम,नेपाल

बिउ बिजन आत्मनिर्भर कार्यक्रमको लागी आवेदन पेश गर्ने सम्बन्धि सूचना।

प्रथम पटक प्रकाशित मिति २०८३/०७/११ गते

कृषि ज्ञान केन्द्र धनुषाको चालु आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत बिउ बिजन आत्मनिर्भर कार्यक्रम रहेको हुदा "बीउ बिजन आत्मनिर्भर कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि २०८३" बमोजिम संचालन गर्न ईच्छुक धनुषा जिल्लाभित्र खेति गर्ने कृषक/कृषि उद्यमी/कृषक समूह/कृषि सहकारी/कृषि फर्महरुले यो सुचना प्रकाशन भएको मितिले ३० औं दिन (मिति २०८३/०८/१० गते) भित्र कार्यालय समयमा आवश्यक कागजात सहित यस कार्यालयमा निवेदन पेश गर्नको लागी सुचना प्रकाशित गरिएको छ। यस सम्बन्धि थप जनकारीको लागि कार्यालयको वेवसाईड https://akcdhanusha.gov.np मा गई सूचना, फारम, मापदण्ड तथा संचालन विधि डाउनलोड गर्न सकिनेछ वा कार्यालयको फोन नं. ०४१-४२०१४८/४२०७३९ वा ९८५४०१०००९ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

तपसिल:

कार्यक्रम को नाम	आवेदन पेश गर्न सक्ने	संचालन गर्न सकिने कृयाकलाप तथा कार्यक्रम
बिउ बिजन आत्मनिर्भर कार्यक्रम	खाद्यन्न,दलहन,तेलहन बालीको मुल/प्रमाणीत/उन्नत बीउ बिजन उत्पादन तथा बजारीकरणको लागी ईजाजतपत्र प्राप्त कृषि सहकारी/कृषक समूह/ फर्म/ कम्पनी / उद्योग	➢ सरोकारवालालाई अभिमुखिकरण ➢ मुल/स्रोत/प्रमाणीत/उन्नत/लेबल बीउ उत्पादन कार्यक्रम ➢ पोष्ट हार्भेष्ट सेन्टर स्थापना कार्यक्रम ➢ ड्राईङ्ग, प्रशोधन, गुणस्तरीकरण, बीउ परिक्षण, ट्रिटिङ्ग, प्याकेजीङ्ग, लेबलिङ्ग र ढुवानी, भण्डारण, वितरण तथा बजारीकरण सम्बन्धी कार्य

आवश्यक कागजातहरू

१. कार्यालयले निर्धारण गरेको आवेदन तथा प्रस्ताव फारम ।
२. बीउ बिजन उत्पादन/प्रशोधन/बिक्री वितरण र व्यवस्थापनको ईजाजतपत्रको प्रतिलिपी ।
३. आवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि।
४. स्थानीय तह वडा/कृषि विकास शाखाको सिफारिस।
५. बिउ उत्पादन वा पूर्वाधार निर्माणकोलागी प्रयोग हुने जमिनको जग्गाधनिपुर्जाको प्रतिलिपी लिजमा लिएको जग्गाको हकमा जग्गाधनीपुर्जाको प्रतिलिपी र लिजमा लिएको कम्तिमा ५ बर्षको करारनामाको प्रतिलिपी समेत (स्थाई संरचनाको हकमा कम्तिमा १५ वर्षको करारनामा)
६. लगानी प्रतिबद्दता सहित बैंकको कर्जा लगानीको सुनिश्चितता पत्र वा बैंक खाताको स्टटमेन्ट ।
७. संस्था/समूह/सहकारीको दर्ता प्रमाणपत्र,पान/भ्याट प्रमाणपत्र, गत आ.व.को कर चुक्ता प्रमाणपत्र, लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपी ।
८. समूह/सहकारीको हकमा कार्यक्रम माग सम्बन्धि निर्णय, आवेदन पेश गर्न आउने अख्तियारी र संचालक समितिको नागरिकताको प्रतिलिपी पेश गर्ने ।

अन्य शर्तहरू

- प्रस्ताव स्वीकृत गर्ने सम्बन्धि सम्पूर्ण अधिकार कार्यालयमा निहित हुनेछ।
- स्वीकृत बजेट र कार्यक्रम संचालन विधी परिमार्जन/संशोधन भए सोहि अनुसार थप घट हुनेछ।
- झूटो विवरण पेश गरेको, कुनै किसिमको पेश्की वेरुजु वा अनियमिततामा परेको / कार्यालयमा खराब आचरण प्रस्तुत गरेका व्यक्ति वा परिवारको आवेदन जुनसुकै वेला रद्द हुनेछ।

फोन नं ०४१-४२०१४८/४२०७३९ Website: https://akcdhanusha.gov.np/ इमेल: akcdhanusha.chief@gmail.com

प्रदीप कुमार यादव
प्रमुख